पोखरा उपत्यका साइडसिन घुम्न जाऔं
घुमाउने ठाउँहरू
बेगनास-रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुविधा।
गाडी छुट्ने समय बिहान ९:३० बजे

सम्पर्क: मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क २९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ माघ २९ गते मंगलबार ❑ 11 Feb. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## सदाचार र नैतिकताले सुशासन र समृद्धिः प्रदेश प्रमुख भट्ट

**पोखरापत्र संवाददाता**
पोखरा, २८ माघ



गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले नागरिकदेखि उच्च ओहदासम्मका पदाधिकारीमा सदाचार र नैतिकता भएमात्र सुशासन र समृद्धि हाँसिल हुने बताउनुभएको छ। सबै सरोकारवालाहरूले आफ्नो जिम्मेवारी इमान्दारीपूर्वक निर्वाह गर्न जरुरी रहेको उहाँको भनाई छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ३४ औं स्थापना दिवसको अवसरमा पोखरा कार्यालयले आयोजना गरेको स्थापना दिवस विशेष समारोहका प्रमुख अतिथि भट्टले भ्रष्टाचार विरुद्धको लडाई सबैको साझा लडाई भएको बताउनुभयो। 'नेपालको संविधानले दिगो शान्ति, सुशासन, समृद्धि र विकासको परिकल्पना गरेको छ। संविधानको यो सपना त्यतिखेर मात्रै साकार हुन्छ जब हामीले भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता प्रदर्शन गर्न सक्छौं।' प्रदेश प्रमुख भट्टले भन्नुभयो- 'आर्थिक अनियमितता, भ्रष्टाचार नियन्त्रणको काम चुनौतीपूर्ण छ। मुलुकको विकासको बाधक नै भ्रष्टाचार भएकाले यसलाई निर्मूल पार्न सामान्य व्यक्तिदेखि राज्यको उपल्लो ओहदामा बसेका पदाधिकारीसम्मले नैतिक आचरण सुधार गर्नुपर्नेछ।'

गण्डकी प्रदेशमा सबैभन्दा कम उजुरी परेको प्रतिवेदनबाट जानकारी पाएको बताउँदै उहाँले सरकारी कार्यालयहरूले अबको दिनमा प्रवाह गर्ने सेवाहरुमा सरलीकरण गर्नुपर्ने र राज्यका सबै अङ्ग तथा अन्तर्गतका निकायले जनतालाई अपनत्व र विश्वास कायम हुने गरी आफ्नो काम कारबाहीलाई अगाडि बढाउनुपर्नेमा जोड दिनुभयो।

'हालको परिवेशमा राज्यका निकायहरूबाट भइरहेको काम कारबाहीलाई नियाल्दा सेवा प्रवाहमा हुनुपर्ने सहजता र विकास निर्माण प्रक्रियामा जनतालाई गराउनुपर्ने सहभागिताको कमी देखिन्छ। साथै, सरकारी कार्यालयहरूले आफूले सम्पादन गरेको कार्यलाई पारदर्शी समेत बनाउन नसकेको तथ्य आयोगको वार्षिक प्रतिवेदनबाट जानकारी प्राप्त गरें।' उहाँले भन्नुभयो।

वर्तमान समयमा भ्रष्टाचारको प्रकृति र प्रवृत्तिमा परिवर्तन आएकोले अनुसन्धानको विषयमा देखिएका नयाँ चुनौतीहरूलाई सामना गर्न आयोग तथा मातहतका कार्यालयहरू सशक्त भई आफ्नो कार्यपद्धतिलाई रचनात्मक बनाउनुपर्ने सुझाव पनि उहाँको रह्यो। नेपालको संविधान एवं प्रचलित कानुनको अधिनमा रहेर भ्रष्टाचार नियन्त्रण गरी सुशासन स्थापना गर्न महत्वपूर्ण जिम्मेवारी निर्वाह गर्दै आइरहेको आयोगले सदाचार, निष्पक्षता र निर्भिकता जस्ता मूल्यहरु अङ्गीकार गरी यो संस्थाको जग बलियो बनाउन समेत यस दिवसले उल्लेखनीय भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो। यसका लागि उपलब्ध साधन स्रोतको सीमामा रहेर उच्चतम प्रविधिको प्रयोग गर्दै राष्ट्रसेवक कर्मचारीहरूले आफ्नो सीप, ज्ञान, दक्षता र क्षमता अभिवृद्धि गरेर व्यवस्थापकीय कार्यकुशलता प्रदर्शन गर्न सक्नुपर्नेमा प्रदेश प्रमुख भट्टले जोड दिनुभयो। 'भ्रष्टाचारको प्रवृत्ति हेर्ने हो भने पूर्वाधार, शिक्षा, स्वास्थ्य, भूमि प्रशासन, कृषि लगायतको क्षेत्रमा जनताको बढी गुनासो देखिन्छ। यी क्षेत्रहरूमा हुने सार्वजनिक खरिदका कार्यक्रमहरू अपारदर्शी तरिकाले अघि बढाइँदा उजुरी पर्छन्।' प्रदेश प्रमुख भट्टले भन्नुभयो - 'नागरिकले सजिलै पाउनुपर्ने सेवामा पनि दुःख हैरानी दिने गरेको विषय गम्भीर विषय हो। यस्तो अवस्थामा आयोग र अन्तर्गतका कार्यालयहरूले सूक्ष्म ढङ्गले आफ्नो निगरानी बढाई सक्षमतालाई बढाउँदै लैजानुपर्ने हुन्छ।' कार्यक्रममा आयोग पोखरा कार्यालयका प्रमुख अस्मान तामाङ, कास्कीका प्रमुख जिल्ला अधिकारी भरतमणी पाण्डे लगायतले बोलेका थिए।

## आम निर्वाचनअघि नै पार्टीको महाधिवेशन हुन्छः महामन्त्री थापा

**पोखरापत्र संवाददाता**
चितवन, २८ माघ

नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले पार्टीको महाधिवेशन २०८४ सालको आम निर्वाचनअघि नै हुने बताउनुभएको छ। सोमबार यहाँ पत्रकारसँग कुराकानी गर्दै उहाँले कानुन र पार्टीको विधानले व्यवस्था गरेअनुसार चार वर्षमा महाधिवेशन हुने बताउनुभयो।

उहाँले भन्नुभयो, "हामीले तोकिएको समयमा महाधिवेशन गर्नका लागि आगामी चैतभित्र पार्टीको क्रियाशिल सदस्यता टुङ्ग्याउने गरी काम गरेका छौं, तल्लो तहका साथीहरूले त्यसलाई सहयोग गर्नुपर्‍यो।" विधानले एक वर्ष समय थप गर्नसक्ने व्यवस्था गरेको भए पनि दुई-तीन महिना तलमाथि भए पनि एक वर्ष पूरै नथपिने उहाँले बताउनुभयो।

उहाँले भन्नुभयो, "नेपाली कांग्रेसको विधानअनुसार २०८२ सालको मङ्सिर /पुसमा चार वर्षको कार्यकाल सकिन्छ, हाम्रो प्रयास चार वर्षभित्र महाधिवेशन गर्ने थियो र अहिले पनि छ, तर पार्टीको सदस्यता वितरण र अन्य कुरा हेर्दै गर्दा ठ्याक्कै त्यही तिथिमितिभित्र हामी भ्याउँछौं नै भनेर सम्पूर्ण रूपमा दाबी गर्ने अवस्था छैन", उहाँले भन्नुभयो, "एक वर्षका लागि म्याद थपको सुविधा रहन्छ, सभापतिसँग बसेर सल्लाह गरिरहेका छौं, जति समय आवश्यक पर्छ त्यति समय अघि बढाऔं।" पार्टीको महाधिवेशन २०८४ निर्वाचनअघि जति महाधिवेशन अघि तान्न सक्यो त्यति हितकर हुने उहाँको भनाइ थियो। फरक प्रसङ्गमा बोल्दै उहाँले सरकारले ल्याएको अध्यादेश एक-दुई दिनमा संसद्‌मा टेबल हुने बताउनुभयो। टेबल भएपछि संसद्‌बाट छलफलसहित पास हुने उहाँको भनाइ थियो। सरकारले सामाजिक सञ्जाल नियमनको विषयमा ल्याएको विधेयक आएको जसरी कानुन नबन्ने उहाँले स्पष्ट पार्नुभयो। यो विधेयकमा धेरै समस्या रहेको बताउँदै उहाँले विधेयक नसच्याइ, परिमार्जन नभइ र संशोधन बिना पारित नहुने उहाँले बताउनुभयो।

## नेकपा एस गण्डकी प्रदेश अध्यक्षमा नेपाली निर्विरोध

**पोखरापत्र संवाददाता**
पोखरा, २८ माघ



नेकपा एकीकृत समाजवादीको गण्डकी प्रदेश अध्यक्षमा कृष्णबहादुर नेपाली निर्विरोध निर्वाचित भएका छन्।

सो पार्टीको सोमबार पोखरामा सम्पन्न प्रथम अधिवेशनले नेपालीको नेतृत्वमा नयाँ प्रदेश कमिटी चयन गरेको हो। प्रदेश उपाध्यक्षमा विष्णु गिरी र मुक्तिनाथ पोखरेल तथा सचिवमा ठाकुरप्रसाद शर्मा पनि निर्विरोध निर्वाचित भएका छन्।

त य स्त ै उपमहासचिवमा टिकाराम पौडेल, विवेक भुजेल र सुष्मा काफ्ले निर्वाचित भएका छन्।

## भ्रष्टाचारसम्बन्धी अनुसन्धानलाई आधुनिकीकरण गर्दै लैजानुपर्नेमा राष्ट्रपतिको जोड

**रासस**
काठमाडौं, २८ माघ

राष्ट्रपति रामचन्द्र पौडेलले भ्रष्टाचारको प्रकृति र स्वरूपमा परिवर्तन भइरहेको अवस्थामा अनुसन्धान र अभियोजन प्रक्रियालाई पनि आधुनिकीकरण गर्दै लैजानुपर्नेमा जोड दिनुभएको छ। अख्तियार दुरूपयोग अनुसन्धान आयोगको ३४औं स्थापना दिवसका अवसरमा सोमबार यहाँ आयोजित विशेष समारोहलाई सम्बोधन गर्दै उहाँले सूचना प्रविधिको तीव्र विकास र प्रयोगसँगै बदलिएका भ्रष्टाचारका तरिका र प्रवृत्तिलाई निस्तेज बनाउन आयोग सक्षम हुनुपर्ने बताउनुभयो।

राष्ट्रपति पौडेलले कसैको दबाब वा प्रभावमा नपरी कसूर र कसुरदार ठूलो वा सानो नभनी काम गर्न आयोग चुक्ने र झुक्ने छैन भन्नेमा आफू विश्वस्त रहेको बताउनुभयो। भ्रष्टाचारसम्बन्धी विधेयक लामो समयसम्म किनारा नलाग्दा पनि केही समस्या आएको गुनासो आइरहेको उल्लेख गदै उहाँले भन्नुभयो- "भ्रष्टाचार नियन्त्रणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको नेपाल पनि पक्षधर मुलुक भएकाले त्यसमा उल्लेखित प्रावधानअनुरूप हाम्रा कानुन र संयन्त्र परिमार्जन गर्न आवश्यक छ।"

राष्ट्रपति पौडेलले सुशासन, सामाजिक न्याय र समृद्धिको अवधारणालाई मूर्तरूप दिन सबै प्रकारका भ्रष्टाचारलाई छानबिनको दायरामा ल्याउनुपर्ने उल्लेख गर्दै आयोगले शक्ति र पद हुँदैमा जोकोही कानुनी जवाफदेहीताबाट मुक्त हुँदैन भन्ने विश्वास आमनागरिकमा जागृत गराउन सक्नुपर्ने बताउनुभयो। उहाँले नागरिकको जीवनस्तरमा गुणात्मक सुधार गरी जनताको विकास र सुशासनप्रतिको उच्च आकांक्षालाई पूरा गर्दै देशको हित, कल्याण र अन्तर्राष्ट्रिय छविको लागि सदाचार, निष्पक्षता, पारदर्शीता एवम् निर्भिकतालाई मूल मन्त्र बनाएर काम गर्न पनि सुझाव दिनुभयो।

राष्ट्रपति पौडेलले नीति, पद्धति, प्रविधि र प्रवृत्तिगत सुधारका प्रयासलाई प्रभावकारी बनाएर अनुशासन र सदाचार प्रणालीको विकास गर्नु आजको आवश्यकता भएको बताउनुभयो। बानी, व्यवहार, आचरण र अभ्यासले म भ्रष्टाचार गर्दिन र हुन पनि दिन्न भन्ने प्रण गर्ने हो भने यसलाई जरैदेखि निर्मूल गर्न सकिने उहाँको भनाइ थियो। उहाँले लोकतन्त्रको सुदृढीकरण, आर्थिक विकास, सुशासन, सामाजिक न्याय र समृद्धिको आम नागरिकको चाहनालाई सुशासन र पारदर्शीताबिना जनताको घरदैलोमा पुऱ्याउन नसकिने स्पष्ट पार्नुभयो। राष्ट्रपति पौडेलले सरकारी ढुकुटी र बजेट कार्यक्रमको दुरूपयोगसम्बन्धी विचलनलाई समयमै नियन्त्रण गर्न राज्य संयन्त्र हरदम चनाखो रहनुपर्ने बताउनुभयो। उहाँले भन्नुभयो, "कानुनी राज्यको स्थापना र सुशासनको

बाँकी अन्तिम पृष्ठमा ▶▶

विज्ञापन व्यवसाय संचालन गर्दा ध्यान दिनुपर्ने कुराहरु

- विज्ञापन कारोबार गर्ने विज्ञापन एजेन्सी र सञ्चारमाध्यम
- विज्ञापन वोर्डमा श्रा सुचीकरण गरौं,
- विज्ञापन वोर्डमा सुचीकरण भएका सञ्चारमाध्यम र
- विज्ञापन एजेन्सीसँग मात्र विज्ञापनको कारोबौर गरौं,
- विज्ञापन सम्बन्धी कुनै गुनासो भए विज्ञापन बोर्डमा उजुरी गरौं,
- विज्ञापनदाता, विज्ञापन एजेन्सी र सञ्चारमाध्यमबीच त्रिपक्षीय सम्झौताको आधारमा कारोबार गरौं,
- सञ्चारमाध्यमबाट जारी बिजकको आधारमा एजेन्सीको शुल्क खुलेको बीलबाट मात्र विज्ञापनको भुक्तानी गरौं,
- सरकारी निकाय तथा कार्यालयले विज्ञापनको रकम भुक्तानी गर्दा तिन प्रतिशत रकम विज्ञापन कोषमा जम्मा गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# सर्वेश्वरको भाग्यशाली उपहार बिजेतालाई स्कुटर हस्तान्तरण

पोखरापत्र संवाददाता
पोखरा, २८ माघ

सर्वेश्वर व्यवसायी समिति चिप्लेढुंगा पोखराले सञ्चालन गरेको निःशुल्क भाग्यशाली उपहार बिजेताहरुलाई सोमबार उपहार हस्तान्तरण गरिएको छ।

पोखराको चिप्लेढुंगादेखि गैह्रापाटनसम्म फैलिएको सर्वेश्वर मार्ग र पराजुली मार्गका होलसेल व्यवसायीहरुको छाता संस्थाका रुपमा रहेको सो समितिले नेपालीको महान चाँडहरु बडादशैं, तिहार, नेपाल सम्वत र छठ पर्वको अवसरमा तीन महिना लामो अवधी राखेर समितिले सञ्चालन गरेको निःशुल्क भाग्यशाली उपहार योजना गत माघ १९ गते शनिबार आयोजित साधारण सभाको अवसरमा खोलिएको थियो। समितिमा आवद्ध व्यवसायीहरुको होलसेल पसलबाट सामान खरिदमा निःशुल्क उपहार कुपन वितरण गरिएको थियो। जसमा ६० हजार भन्दा बढीले उपहार कुपन लिएको अध्यक्ष तुलबहादुर थापा (राजन)ले जानकारी दिए।

सो लक्की ड्रबाट बिजेता बनेकी पोखरा-१६ लामाचौरकी रिना बस्नेतलाई सोमबार स्कुटर हस्तान्तरण गरिएको हो। कार्यक्रममा पोखरा महानगरपालिका वडा नम्बर-४ का वडाध्यक्ष देवकृष्ण पराजुली, समितिका अध्यक्ष तुलबहादुर थापा (राजन), सल्लाहकार तथा पूर्व अध्यक्ष धर्ममानसिंह भण्डारी, सल्लाहकारहरु प्रेम सुवेदी, नरहरी अधिकारीलगायतले उपहार हस्तान्तरण गरेका थिए। कार्यक्रममा लक्की ड्रबाट द्वितीय उपहार बिजेता बनेकी तनहुँ म्याग्दे गाउँपालिकाकी मेनुका



पौडेललाईपनि ल्यापटप उपहार हस्तान्तरण गरियो। त्यस्तै, तृतीय उपहार बिजेता पोखराका समीर कोइरालालाई मोवाइल हस्तान्तरण गरियो। चौथो पुरस्कार बिजेता पोखरा-४ गैह्रापाटनका सौगात पाण्डेले साईकल उपहार जितेपनि उनलाई मायाको चिनो मात्रै प्रदान गरियो। स्थानिय व्यवसायी वा उनीहरुको परिवारलाई उपहार परेमा उपहार बदर गने नीति यसअघि नै बनेकाले सोहि नीति अनुसार पाण्डेलाई साइकल उपहारको सट्टा मायाको चिनो स्वरुप अध्यक्ष तुलबहादुर थापा र महासचिव विशाल अधिकारीको तर्फबाट मायाको चिनो प्रदान गरिएको हो। सो लक्की ड्रमा सान्त्वना उपहार बिजेता बनेका पोखरा सेदीकी सृजना कँडेल, स्याङ्जा पुतलीबजार-११ की पूजा पौडेल र गीता पुनलाई ५/५ हजार हस्तान्तरण गरियो। अर्की सान्त्वना उपहार बिजेता ज्योतिसा राना मगर भने उपहार ग्रहण कार्यक्रममा सहभागी नभएकाले पछि दिईने महासचिव विशाल अधिकारीले जानकारी दिए।

उपहार हस्तान्तरण कार्यक्रममा बोल्दै पोखरा-४ का वडाध्यक्ष देवकृष्ण पराजुलीले व्यापार प्रवर्द्धनका लागि सर्वेश्वर व्यवसायी समितिले गरेको काम सराहनीय भएको बताए। उनले व्यापार प्रवर्द्धनका लागि वडा कार्यालयले पनि सघाउने प्रतिबद्धता जनाउँदै आगामी दिनमा समितिसँग सहकार्य गरेर जान आफू तयार रहेको उल्लेख गरे।

साथै उनले व्यापार प्रवर्द्धनका लागि डिजिटल मार्केटिङ आवश्यक रहेको भन्दै त्यसका लागिपनि महानगरले तालिम गरिरहेकाले सकृय रुपमा सहभागिता जनाउन आग्रह गरे।

सर्वेश्वर व्यवसायी समितिका अध्यक्ष तुलबहादुर थापा (राजन)ले व्यापार प्रवर्द्धनका लागि निःशुल्क उपहार योजना सञ्चालन गरिएको बताए। उनले आगामी दिनमापनि व्यापार प्रवर्द्धनका अन्य कार्यक्रमहरुपनि निरन्तर गर्ने बताए। सल्लाहकार प्रेमप्रसाद सुवेदीले निःशुल्क भाग्यशाली उपहार योजनाले व्यापार प्रवर्द्धनमा सघाएको बताए। समितिका अध्यक्ष तुलबहादुर थापा (राजन)को अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष छविलाल गौतमले स्वागत मन्तव्य राखेका थिए।

# डिफेण्डि च्याम्पियन आर्मी चर्च ब्वाईज यूनाइटेडसँग पराजित

पोखरापत्र संवाददाता
पोखरा, २८ माघ

अन्तिम एक मिनेट सम्हालिन नसक्दा डिफेण्डि च्याम्पियन त्रिभुवन आर्मी क्लव चर्च ब्वाईज यूनाइटेडसंग पराजित भएको छ। खेलमा एक मिनेटको कति महत्व हुन्छ भन्ने कुरा पोखरामा जारी २४ औं सस्करणको आहा रारा पोखरा गोल्ड कप फुटवल प्रतियोगिता २०८१ को तेश्रो क्वाटरफाइनल खेलमा चर्च ब्याइज र आर्मी बिचको खेलले प्रष्ट्याएको छ।

चर्च ब्वाईज यूनाइटेड पोखरा रंगशालाको फुटवल मैदानमा सोमबार भएको तेश्रो क्वाटरफाइनल खेलमा विभागिय टोली त्रिभुवन आर्मी क्लवलाई खेलको अन्तिम एक मिनेट भित्र अर्थाक केही सेकेण्ड बाँकी छँदा एक गोल गरी १–० को गोल अन्तरले पराजित गर्दै चर्च ब्वाइज सेमिफाइनलमा यात्रा तय गरेको हो।

चर्च ब्वाइजको जितमा खेलको ९० मिनेटमा अतिरिक्त खेलाडी राज भुषालले हेड मार्फत गोल गर्नु भएको हो। विपक्षि गोलरक्षक बिकास कुथु र एक डिफेण्डर खेलाडीलाई छल्दै करिब ६ यार्ड नजिक पाएको वललाई भुषालले हेड मार्फत उत्कृष्ट गोल गर्नु भएको हो। जुन खेलकै निर्णायक गोल बन्न पुग्यो। खेलको २५ औं मिनेटमा रोहन कार्की घाइते भए पछि उहाँको स्थानमा भुषाल मैदानमा छिर्नु भएको थियो। अन्तिम एक मिनेटमा सम्हालिन नसक्दा गत बर्षको डिफेण्डिङ च्याम्पियन आर्मी यसपालीको आहा रारा पोखरा गोल्ड कपको क्वाटर फाइनलबाटै बाहिरिएको छ। आर्मीले पाएका केही अवसरलाई सदुपयोग गर्न नसक्दा पहिलो खेलबाटै यस बर्ष यात्रा छोट्र्याउनु पर्‍यो। समुह एमा रहेको चर्च ब्वाईजले अब माघ ३० गते पहिलो सेमिफाइनलमा नेपाल पुलिस क्लवसंग भिड्ने भएको छ। आर्मीका प्रशिक्षक मेघराज केसीले ९० मिनेटसम्म



नेपालको चर्चीत क्लवसंग आफ्नो टिमले उत्कृष्ट खेल प्रर्दशन गर्दा गर्दै आफ्नै खेलाडीहरुको राम्रो तालमेल नहुदा अन्तिम एक मिनेटमा गोल हुन पुग्दा हार व्यहोर्नु परेको बताउनु भयो। चर्च ब्वाईजका प्रशिक्षक चेतनारायण श्रेष्ठले नेपालको बलियो बिभागि टोली आर्मी बिरुद्धको खेलमा जित निकाल्न अन्तिम एक मिनेट नै कुर्नुपरेको बताउनु भयो।

यसैबिच, मंगलबार चौथो क्वाटरफाइनल खेलमा उज्विकिस्तानको ब्ल्याक बुल्स फुटवल क्लव र भारतको पाहुना टोली थन्डर नर्थ यूनाइटेड बिच खेल हुने भएको छ। समुह बीमा रहेको भारत सिक्किमको थन्डर नर्थले संकटा क्लवलाई पराजित गर्दै क्वाटरफाइनलमा यात्रा बनाउदा ब्ल्याक बुल्सले सिधै वाई पाएर क्वाटरफइनलमा प्रबेश गरेको हो। प्रतियोगिताको मुख्य प्रायोजक हिमश्री फुड्स प्रालिको उत्पादन रारा तयारी चाउचाउ रहेको छ।

# कास्की क्रिकेट लिग: अरण्यज्योति र कास्की विजयी

पोखरापत्र संवाददाता
पोखरा, २८ माघ

माछापुच्छ्रे क्रिकेट क्लबलाई ७ विकेटले पराजित गर्दै कास्की क्रिकेट क्लब कास्की टी-२० क्रिकेट लिगमा अपराजित यात्रा कायमै राखेको छ।

कास्की जिल्ला क्रिकेट संघको आयोजनामा पोखरा रंगशालामा सोमबार भएको प्रतिस्पर्धामा माछापुच्छ्रे क्रिकेट क्लबले दिएको ८४ रनको लक्ष्यलाई कास्कीले तीन विकेटको क्षतिमा पुरा गर्दै आफनो जितलाई निरन्तरता दियो। टस जितेर ब्याटिङ गरेको माछापुच्छ्रेले अभिषेक थापाको ३० रनको योगदानमा ८४ रनको योगफल तयार पार्‍यो। अन्य ब्याटरले भने दोहोरो अंकको रनफल तयार पार्न सकेनन्। अनुप पौडेल, विश्वास पराजुली र रोहित चन्दले समान दुई दुई विकेट लिएका थिए।




८५ रनको लक्ष्य पछ्याएको कास्कीले रोहित चन्दको ४० रनको योगदानमा सहज जित दर्ता गर्‍यो। अर्जुन कुमालले २४ रन बनाए। अर्जुनले ३ चौका प्रहार गर्दा चन्दले दुई चौका र दुई छक्का प्रहार गरे। रोहित खेलमा प्लयेर अफ दि म्याच घोषित भए। कास्की जिल्ला क्रिकेट संघको आयोजनामा सञ्चालित प्रतियोगिताको सोमबारको दोस्रो खेलमा लेकसाईड क्रिकेट क्लबलाई अरण्यज्योति क्रिकेट क्लबले तीन रनले पराजित गरेको छ। निर्धारित २० ओभरमा अरण्यज्योतिले टस जितेर ९६ रनको सामान्य योगफल तयार पार्‍यो। प्रविन पौडेल र प्रदिप पौडेलले क्रमश ३४ र ३० रन प्रहार गर्दै इनिङ्सलाई उकास्ने प्रयास गरे। सन्देश शाही, प्रेम गुरुङ र भोला यादवले समान तीन तीन विकेट लिए।

९७ रनको लक्ष्य पछ्याएको लेकसाईड भने ९३ रनमा समेटिदै निराश बन्न पुग्यो। प्रदीप पेलाले १९ रन बनाए। भोला यदावले १२ र सन्तोष जोशी तथा केशव सुनारले दश दश रन बनाए। मुनेश गुप्ताले तीन विकेट लिए।

# बिटी कप: उपाधिका लागि गन्नी एफसी र रामघाट भिड्ने

पोखरापत्र संवाददाता
पोखरा, २८ माघ

पोखरा महानगरपालिका १ पुरानो टुंडिखेलमा जारी आठौं विरेन स्मृति १८ औं बिटी कप सेभेन ए साइड फुटबल प्रतियोगिताको उपाधिका लागि गन्नी एफसी र रामघाट एफसी भिड्ने भएका छन्।

उक्त फाइनल खेल मंगलबार दिउँसो १ बजे पोखरा महानगरपालिका १ स्थित पुरानो टुंडिखलमा हुने क्लबका अध्यक्ष असिम थापाले जानकारी दिए। अध्यक्ष थापाका अनुसार सोमबार भएको पहिलो सेमिफाइनल खेलमा गन्नी एफसीले चरी सुशान एफसीलाई पेनाल्टी सुटआउटमा २-१ गोल अन्तरले हराउँदै फाइनलमा प्रवेश गरेको हो। यस्तै दोस्रो सेमिफाइनल खेलमा रामघाट एफसीले बिग सिटी लेकसाइडलाई १-० गोल अन्तरले पराजित गर्दै फाइनलमा गन्नी एफसीसँगको भेट पक्का गरेको विनोद गुरुङले बताए। उनका अनुसार 'हामी एक हौं' भन्ने नारासहित क्रियाशिल बुद्धटोल युवा क्लबको आयोजनामा गत २२ गतेदेखि सुरु भएको प्रतियोगिता मंगलबार सम्पन्न हुनेछ। कुल ४८ टिमको सहभागिता रहेको सो प्रतियोगिताको विजेताले १ लाख ८१ हजार १ सय ११ र उपविजेताले १ लाख ११ हजार १ सय ११ रुपैयाँसहित ट्रफी मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन्। उनका अनुसार प्रतियोगितामा विधागतर्फ सर्वोकृष्ट खेलाडी, गोलरक्षक, डिफेण्डर र मिडफिल्डर र सर्वाधिक गोलकर्ताले जनही नगद ७/७ हजार पुरस्कार प्राप्त गर्नेछन्।



यस्तै प्रतियोगितामा अनुशासित टिमलाई ९ हजार रुपैयाँ प्रदान गरिने आयोजकले जनाएको छ।

# संगम क्लवको रत्तदानमा ५१ युनिट रगत संकलन

पोखरापत्र संवाददाता
पोखरा, २८ माघ

पोखरा महानगरपालिका वडा नं १३ स्थित संगम क्लवको आयोजनामा खुल्ला रक्तदान कार्यक्रममा ५१ युनिट रगत संकलन भएको छ। वडा नं १३ का वडा अध्यक्ष किरण वराल र निवर्तमान अध्यक्ष दर्शन लामाले ब्लड ब्याग प्रदान गरेर हालै कार्यक्रम सुरु गरिएको थियो। क्लवले फागुन सात गते देखी १४ गते सम्म विल स्मृति फुटवल प्रतियोगिता गर्न लागिएको कलवका अध्यक्ष नरेन्द्रजङ गुरुङले पोखरापत्रलाई वताए। युवाहरुको हौसाला स्वास्थ्य वढाउनको लागि खुलकुद प्रतियाोगिता गरिएको जडा अधयक्ष किरण वरालले भने। क्लवका सचिव विकल राईले कार्यक्रम संचालन गरेकी थिइन।




# भ्रष्टाचारसम्बन्धी ...

प्रत्याभूति गराउनु राज्यको प्रमुख दायित्व भएकाले आयोगले भ्रष्टाचारका सम्भाव्य जोखिमका बारेमा सार्वजनिक निकाय र पदाधिकारीलाई बोध गराई यसको नियन्त्रणमा अग्रणी भूमिका निर्वाह गर्न कुनै कसर बाँकी राख्ने छैन।"

राष्ट्रपतिले राज्यका निकाय, निजी क्षेत्र, नागरिक समाज र आमनागरिकले आ-आफ्नो तहबाट प्रवर्‌द्धनात्मक र निरोधात्मक कार्य गरी भ्रष्टाचारको न्यूनीकरणमा जिम्मेवारी बोधसहित भ्रष्टाचारमुक्त समाज स्थापना र सुशासनको प्रत्याभूतिका लागि तत्परता र सक्रियता देखाउन जरूरी रहेको धारणा राख्नुभयो। आयोगको प्रमुख आयुक्त प्रेमकुमार राईले सुशासन प्रवर्‌द्धन गरी भ्रष्टाचार नियन्त्रण गर्न आयोगले विविध रणनीतिका साथ सकारात्मक पहलकदमी लिइएको जानकारी गराउनुभयो। उहाँले सार्वजनिक सेवा प्रवाह र विकास निर्माणलाई अनुसन्धान कार्यले हतोत्साही नबनाओस् भन्नेतर्फ सचेत रहँदै अनुसन्धान पद्धतिमा निरन्तर सुधार गरिरहेको स्पष्ट पार्नुभयो।

प्रमुख आयुक्त राईले सूचना प्रविधिको उपयोग गरी सार्वजनिक सेवा प्रवाहलाई थप अनुमानयोग्य, सरल, सुलभ र व्यवस्थित बनाउने नेपाल सरकरको प्रयास भए पनि यातायात, मालपोत, नापी, राहदानी, वैदेशिक रोजगार, अध्यागमनलगायत सङ्घीय कार्यालयको सेवा प्रवाह जनअपेक्षाअनुरूप प्रभावकारी हुन नसकेको बताउनुभयो। "प्रदेश र स्थानीय सरकारबाट प्रदान गरिने सेवा झन् जटिल र खर्चिलो हुन गई जनताले सहज र सरल सेवा प्राप्त गर्न नसकिरहेको अवस्था छ", उहाँले भन्नुभयो, "नागरिकलाई सरल र सहज सेवा दिनका लागि थप सुधारका उपाय अवलम्बन गर्न आवश्यक देखिएको छ।"

प्रमुख आयुक्त राईले सार्वजनिक स्रोत र राज्य शक्तिको प्रयोग गर्ने पदाधिकारीमा सदाचार संस्कृतिको विकास गर्न सचेतना, प्रचारप्रसार र सहकार्यको रणनीतिसमेत आयोगले अवलम्बन गरेको बताउनुभयो। सुशासन स्थापनाका लागि हरेक नागरिक परिवर्तनको संवाह र सरकार नेतृत्वकर्ता हो भन्दै उहाँले नागरिक तहबाट आएको चासोलाई सम्बोधन गरी सशुासनको अवस्था सुधार गर्न सरकारको अगुवाइमा नै विशेष अभियान सञ्चालन गर्न आवश्यक रहेको बताउनुभयो। प्रमुख आयुक्त राईले पारस्पिरिक कानुनी सहायता ऐन र सुपुर्दगी ऐनजस्ता महत्त्वपूर्ण कानुन कार्यान्वयन भए पनि सम्बन्धित मुलुकसँग द्विपक्षीय सम्झौता हुन नसक्दा मुलुक बाहिर हुने गरेको भ्रष्टाचारसम्बन्धी लेनदेनका विषयमा पारस्पारिक कानुनी सहायतामार्फत आवश्यक तथ्य सङ्कलन गर्न समस्या देखिएकाले आयोगको अनुसन्धान कार्यमा कठिनाइ आइपरेको बताउनुभयो। उहाँले सम्बद्ध मुलुकसँग पारस्परिक कानुनी सम्झौता गरी सम्पत्ति शुद्धीकरण निवारणमा सकारले शीघ्र पलहदमी लिने विश्वास व्यक्त गर्नुभयो।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४३११९०६, ९८१३६७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : विसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्वन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्बे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्वन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ । – कालीदास

## सम्पादकीय

# खाँचो नियमनको

संघीय संसदमा दर्ता भएको सामाजिक संजाल विधेयकलाई लिएर बहस शुरु भएको छ। सरकारमा रहेका दलका नेताहरू पनि मौसमी कुरा गर्दा अन्योल देखिन्छ। सत्तामा हुँदा एउटा कुरा विपक्षमा पुग्ने बित्तिकै अर्को कुर गर्ने रोगले गर्दा केही अन्योल देखिनु स्वभाविक हो । केहीलाई अन्यौल देखाएर आफ्नो रोटी सेक्ने मौका पाएका छन।सामाजिक सञ्जालको प्रभावकारी व्यवस्थापन गर्न नयाँ ऐन आवश्यक  ठानिएको हो । कानुनी शासनको वकालत गर्नेहरुले सामाजिक संजाल संचालनका लागि कानुनी व्यवस्थाको माग गरेका हुन।नेपालमा हाल सामाजिक सञ्जाल निर्देशिका, २०८० कार्यान्वयनमा भए पनि यसले सम्पूर्ण विषय समेट्न नसक्ने भएकाले विस्तृत ऐन आवश्यक छ । कानुनी व्यवस्थाले साइबर अपराध नियन्त्रण, सूचना गोपनीयता सुरक्षा र सामाजिक सञ्जालको मर्यादित प्रयोगलाई प्रवर्धन गर्ने छ। नागरिक समाजको सशक्तीकरण र लोकतान्त्रिक प्रक्रियाको सुदृढीकरणका लागि सामाजिक सञ्जालको सही प्रयोग आवश्यक छ।

नेपालमा  सामाजिक सञ्जालको प्रयोग व्यापक रूपमा बढेको छ।नागरिकलाई स्वतन्त्र विचार अभिव्यक्त गर्न, सूचना प्रवाहलाई सहज बनाउने तथा सामाजिक तथा सांस्कृतिक रूपमा मानिसहरूलाई जोड्ने कार्यमा महत्वपूर्ण भूमिका खेलेको छ। यसको अनियन्त्रित प्रयोगले विभिन्न चुनौती निम्त्याएको छ, जसमा साइबर अपराध, गलत सूचना, नफरतपूर्ण अभिव्यक्ति, व्यक्तिगत विवरणको चोरी, सामाजिक सद्भाव खलबलिने, विद्युतीय ठगी तथा राष्ट्रिय सुरक्षामा खतरा उत्पन्न गराउने कार्यहरू प्रमुख रहेका छन् । यी समस्यालाई व्यवस्थित गर्न तथा डिजिटल माध्यममा अभिव्यक्ति स्वतन्त्रताको सीमारेखा कोर्न 'सामाजिक सञ्जाल ऐन' आवश्यक रहेको छ । नेपालको संविधानले मौलिक हकको रूपमा विचार र अभिव्यक्तिको स्वतन्त्रता तथा सञ्चारको गोपनीयतालाई संरक्षण गरेको छ ।विद्युतीय माध्यममा ती अधिकारको दुरुपयोग बढ्दै गएकाले कानुनी व्यवस्था आवश्यक छ, जसले नागरिक स्वतन्त्रता जोगाउँदै सुरक्षित डिजिटल वातावरण सिर्जना गर्न सकोस् । साथै सूचना तथा सञ्चार प्रविधिको दिगो विकास तथा यसको मर्यादित उपयोग सुनिश्चित गर्न सरकारले सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ साइबर सुरक्षा नीति, २०८० तथा वार्षिक बजेट नीतिहरूमा समेत सामाजिक सञ्जालको नियमन गर्ने विषयलाई प्राथमिकता दिएको छ।

सामाजिक सञ्जाल ऐन आवश्यक पर्ने अर्को महत्वपूर्ण कारण अन्तर ाष्ट्रिय दायित्व हो। विश्वका विभिन्न देशले सामाजिक सञ्जालको प्रयोगलाई मर्यादित र सुरक्षित बनाउन विशेष कानुनी व्यवस्था गरेका छन् । भारतमा 'आइटी एक्ट २०००' तथा बङ्गलादेशमा 'इन्फर्मेसन एन्ड कम्युनिकेसन टेक्नोलोजी (आइसिटी) एक्ट २००६' जस्ता कानुनी संरचनाले सामाजिक सञ्जाल नियमनमा महत्वपूर्ण भूमिका खेलेका छन्। नेपालमा हाल 'सामाजिक सञ्जाल प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका, २०८०' कार्यान्वयनमा छ तर यो निर्देशिका मात्र पर्याप्त नरहेकाले कानुनी आधार बलियो बनाउन सामाजिक सञ्जाल ऐन आवश्यक रहेको छ। सर्वोच्च अदालतले समेत सूचना सुरक्षासम्बन्धी निर्णय (रिट नं. ०६९-डब्लुओ-०२६८) मार्फत व्यक्तिगत विवरणको गोपनीयता सुनिश्चित गर्न सरकारलाई निर्देशन दिएको छ। जसले स्पष्ट रूपमा देखाउँछ कि विद्यमान कानुनी संरचना अपर्याप्त छ। सामाजिक सञ्जाल ऐन कार्यान्वयनमा आएपछि साइबर सुरक्षामा सुधार आउने, वैयक्तिक विवरणको गोपनीयता कायम रहने, सामाजिक सञ्जाल प्लेटफर्मलाई कानुनी दायरामा ल्याउन सकिने तथा प्रविधिसम्बन्धी व्यवसायलाई मर्यादित र व्यवस्थित बनाउन सकिने विश्वास लिइएको छ ।  नेपालको संविधानले नागरिकलाई विचार तथा अभिव्यक्तिको स्वतन्त्रता, गोपनीयताको अधिकार तथा सूचना प्राप्तिको अधिकार दिएको छ।  यी अधिकारहरूको अनियन्त्रित प्रयोगले समाजमा अराजकता उत्पन्न गराउन सक्छ। सामाजिक सञ्जाल ऐनको निर्माणले नागरिक अधिकारलाई कुण्ठित गर्ने नभई सुरक्षित डिजिटल वातावरण सिर्जना गर्ने लक्ष्य राख्छ । सामाजिक सञ्जालमार्फत फैलिने गलत सूचना, घृणापूर्ण अभिव्यक्ति तथा साइबर अपराधलाई नियन्त्रण गर्न कानुनी संरचना आवश्यक छ। जसले नागरिकलाई सुरक्षित रहन तथा डिजिटल अधिकारको प्रयोग मर्यादित तरिकाले गर्न प्रेरित गर्ने छ।  लोकतन्त्रमा नागरिक समाजले राज्यका नीति तथा कानुनी संरचनामा महत्वपूर्ण भूमिका खेल्छ । डिजिटल अधिकारको रक्षा तथा साइबर सुरक्षासम्बन्धी कानुनी संरचनामा नागरिक समाजले सरकारलाई मार्गदर्शन तथा सचेत गराउन सक्छ। नागरिक समाजले सरकारलाई दुरुपयोग रोक्न तथा अभिव्यक्ति स्वतन्त्रताको सीमारेखा निर्धारण गर्न सुझाव दिन सक्छ, जसले कानुनी संरचना सन्तुलित हुन मद्दत गर्छ।

सामाजिक सञ्जाल ऐनको निर्माण डिजिटल सुरक्षाको आवश्यकता मात्र नभई नागरिक स्वतन्त्रता, अभिव्यक्ति स्वतन्त्रता तथा समाजको सुसङ्गठित विकासका लागि पनि अपरिहार्य छ। नेपालको विद्यमान निर्देशिका तथा नीति मात्र पर्याप्त नभएकाले एक स्पष्ट, ठोस र प्रभावकारी कानुनी संरचना आवश्यक छ । यसले साइबर अपराधलाई नियन्त्रण गर्न, डिजिटल प्रविधिसम्बन्धी व्यवसायहरूलाई प्रोत्साहन गर्न तथा नागरिक समाजलाई सशक्त बनाउन योगदान दिन सक्छ । सामाजिक सञ्जालको नियमन नागरिक अधिकार कुण्ठित गर्ने नभई अभिव्यक्ति स्वतन्त्रताको मर्यादित उपयोग गर्न हो भन्ने ग्यारेन्टी कानुनले गर्ने विश्वास सरकार, राजनीतिक दल र सिङ्गो संसदले दिलाउनु जरुरी छ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : कार्यमा सफलता |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : शत्रुको भय | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : झमेला बढ्ने | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : शुभ यात्रा | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : स्वास्थ्यमा सुधार | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# प्रहरी कुट्ने चार युवा पक्राउ

**पोखरापत्र संवाददाता**
तनहुँ, २८ माघ

व्यास नगरपालिका-५ स्थित पर्यटकीयस्थल मानङकोटमा एक प्रहरी जवानलाई कुटपिट गरिएको छ । अस्थायी प्रहरी चौकी मानुङकोटमा कार्यरत प्रहरी सुनिल कार्कीमाथि कुटपिट भएको हो।

कुटपिट घटनामा संलग्न चार युवालाई प्रहरीले नियन्त्रणमा लिएको छ । पक्राउ पर्नेमा व्यास-४ निवासी रोशन गुरुङ, जेम्स गुरुङ, सुजल गुरुङ र व्यास-१ निवासी सुदीप विक रहेको प्रहरीले जनाएको छ । शनिबार राति २ बजेको समयमा मानुङकोटमा झडप भएपछि सुरक्षाका लागि खटिएका प्रहरीमाथि हातपात भएको प्रहरी नायब उपरीक्षक अशोक थापाले जानकारी दिनुभयो। उनीहरूविरुद्ध आइतबार अभद्र व्यवहार मुद्दामा पाँच दिनको म्याद थप गरी अनुसन्धान थालिएको प्रहरी नायब उपरीक्षक थापाले बताउनुभयो।

# संस्कृति संरक्षण गर्न बहुजातीय सांस्कृतिक कार्यक्रम

**पोखरापत्र संवाददाता**
तनहुँ, २८ माघ

व्यास नगरपालिकाले विभिन्न जातिका मौलिक भाषा, कला, संस्कार र संस्कृति संरक्षणका लागि व्यास नगर बहुजातीय सांस्कृतिक कार्यक्रम गर्ने भएको छ।

सोमबार यहाँ पत्रकार सम्मेलन गरी नगरपालिकाले नगरपालिकाभित्र बसोबास गर्ने सबै  समुदायका मौलिक भाषा, साहित्य, कला, संस्कार, संस्कृति जगेर्ना, उत्थान र संवर्द्धन गर्ने उद्देश्यले सांस्कृतिक कार्यक्रम गर्ने जनाएको हो।

व्यास नगरपालिकाको संरक्षकत्वमा व्यास नगर प्रज्ञा प्रतिष्ठानको आयोजना तथा राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठानको समन्वयमा आगामी फागुन ७, ८ र ९ गते व्यास नगर बहुजातीय सांस्कृतिक कार्यक्रम हुने नगरप्रमुख कुलपति वैकुण्ठ न्यौपानेले बताउनुभयो।

उपप्रमुख इन्दिरा दरैले सांस्कृतिक महोत्सवले जातीय विभेद घटाउन सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो।

सांस्कृतिक कार्यक्रममा झाँकीसहितको शोभायात्रा, बालन नाच, भजन, चुड्का, कौराहा, सोरठी, स्वराही, पाउदुरे, झ्याउरे, घाँटु नाचका साथै मूर्ति, चित्रकला पनि प्रदर्शनी गरिनेछ।

# सूर्यकुमारीको बारीमा १६ किलोको लौका

**रासस**
काठमाडौं, २८ माघ

कैलालीको गौरीगङ्गा नगरपालिका-११ पिरेनी गाउँकी सूर्यकुमारी चौधरीको बारीमा १६ किलोग्रामको एउटै लौका फलेको छ।

गत जेठमा रोपिएको स्थानीय जातको लौकाको लहरामा कुनै रासायनिक मल र विषादी प्रयोग नगरेरै सो लौका फलाएको उहाँले बताउनुभयो। "रासायनिक मल र अन्य विषादी केही प्रयोग गरिएन, केवल गोबर मल प्रयोग गरेर लौका फलाइएको लागेको हो", चौधरीले भन्नुभयो।

गौरीगङ्गा नगरपालिका-९ मा सञ्चालित एकता जैविक संरक्षण कृषि सहकारी (बीउ बैंक)की सदस्यसमेत रहनुभएकी चौधरीले आफ्नै संस्थाबाट लिएको रैथाने जातको लौकाको बीउ रोप्नुभएको थियो।

संस्थाका अध्यक्ष भक्तिराम सापकोटाले संस्थाले रैथाने जातको धान, गहुँ, सिमी, तरकारीलगायत बालीको बीउ संरक्षण गरी किसानलाई बिक्री वितरण गर्दै आएको बताउनुभयो । "हाइब्रिड जातको बीउको तुलनामा रैथाने जातको बीउबाट उत्पादकत्व केही कम हुने गरेको छ तर रैथाने जातको बीउबाट खेती गर्दा लागत खर्च कम र रोककिराको समस्या पनि कम हुन्छ । कुनै विषादी वा रासायनिक मल प्रयोगबिना उत्पादित कृषिउपज मानव स्वास्थ्यका लागिसमेत हानिकारक हुँदैन । त्यही भएर हामीले यस्तो कार्यलाई प्रोत्साहन गरिरहेका छौँ", उहाँले भन्नुभयो। धनगढीमा लागेको प्रदेशस्तरीय कृषि तथा पशुपन्छी मेलामा प्रदर्शनीका लागि राखिएको यो लौका अवलोकन गर्नेहरूको भीड लाग्ने गरेको छ। मेलामा रैथाने जातका अन्नबाली, तरकारीको बीउबिजनका साथै कृषिजन्य सामग्री तथा उपकरण पनि प्रदर्शनीमा राखिएका छन्।

कृषि निर्देशनालय दीपायलको पहलमा कृषि क्षेत्रको आधुनिकीकरण, व्यावसायीकरण र औद्योगिकीकरणमा टेवा पुऱ्याउने लक्ष्यसहित धनगढीमा चारदिने प्रदेशस्तरीय कृषि तथा पशुपन्छी मेला प्रदर्शनी २०८१ सञ्चालन भइरहेको छ।

# कञ्चनजङ्घा आरोहणको ७० वर्षः 'हीरक महोत्सव'

**रासस**
काठमाडौं, २८ माघ

कञ्चनजङ्घा हिमालको पहिलो सफल आरोहण भएको ७० वर्ष पुगेको उपलक्ष्यमा 'कञ्चनजङ्घा प्याटिनम जुब्ली' २०८२ महोत्सव हुने भएको छ। आगामी २०८२ साल वैशाख ५-७ गते फक्ताङलुङ गाउँपालिका-५, लेलेपमा महोत्सव हुने भएको हो। महोत्सवका लागि विशेष 'लोगो' र नारा सार्वजनिक गरिएको छ।

सोमबार महोत्सव संयोजन समितिले 'कञ्चनजङ्घा संरक्षण क्षेत्र, प्रकृतिको उपहार; संरक्षण क्षेत्रमा पर्यापर्यटन, समृद्धिको आधार' नारासहितको लोगो सार्वजनिक गरेको छ । लोगो सार्वजनिक गर्दै कञ्चनजङ्घा संरक्षण क्षेत्र व्यवस्थापन परिषद्का कोषाध्यक्ष तथा महोत्सव संयोजन समितिका संयोजक छोवाङ शेर्पाले महोत्सवले संरक्षण क्षेत्रभित्रका प्राकृतिक सम्पदा, पर्यटन र स्थानीय संस्कृतिको प्रवर्द्धनमा टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो।

महोत्सव कञ्चनजङ्घा संरक्षण क्षेत्र व्यवस्थापन परिषद्को संयोजनमा, समृद्ध पहाड परियोजना तथा संरक्षण क्षेत्र कार्यालयसहित विभिन्न सङ्घ-संस्थाको सहकार्यमा गरिने जनाइएको छ।

# एफडी मोटर्सको शोरुम पोखरा नयाँबजारमा, १५ दिनका लागि अफरै अफर

**पोखरापत्र संवाददाता**
पोखरा, २८ माघ



एफडी मोटर्सको नयाँ शोरुम पोखराको नयाँबजार पिके टावरमा खुलेको छ। एफ डि मोर्टसको नेपालका लागि आधिकारीक बिक्रेता ग्रन्थ इलेक्ट्रिक भेहिकल प्रा.लि.ले आफ्नो पाँचौ तथा पोखराका लागि पहिलो शोरुम सोमबार एक कार्यक्रमका विच संचालनमा ल्याएको हो। नेपाली बजारमा उत्कृष्ट ईलेक्ट्रिक स्कुटरको रुपमा स्थापीत भएको एफडीका स्कुटर पोखराका ग्राहले पनि सहज रुपमा खरिद गर्न पाउने छन्।

पोखराका ग्राहले काठमाडौं शोरुमबाट स्कुटर खरिद गरिरहेको र ग्राहकलाई सहजै उपलब्ध हुने गरी पोखरामा शोरुम विस्तार गरिएको कम्पनीका सिइओ सुजन ढुंगेलले जानकारी दिए। एफफाइभ ए प्रो मोडलको स्कुटर शोरुमबाट विक्री सुरु भइसकेको छ । नयाँ शोरुम संचालनमा आएको अवसरमा कम्पनीले ग्राहकहरूका लागि अफर दिएको छ। फास्ट चार्जर सित्तैमा पाउने सिइओ ढुंगेलले बताए । फास्ट चार्जरले २ घण्टामा ब्याट्री फुल चार्ज गर्न सक्छ। साधारण चार्जले ६ देखि ७ घण्टामा ब्याट्री फुल चार्ज हुने कम्पनीले जनाएको छ। कम्पनीले १५ दिनको लागि दिएको अफरमा एक वर्षको लागि सडक कर र इन्सुरेन्सको समेत ग्राहले सुविधा पाउने छन्। विषेशगरी स्कुटरमा जडान गरीएको प्रविधि र आकर्षक 'लुक्स' देखि 'कम्फर्ट'सम्मका कारण ग्राहकले फरक अनुभूति गर्ने कम्पनीले जनाएको छ।

नेपालको बाटो र उकाली-ओरालीमैत्री स्कुटर भएकाले यो स्कुटर अब्बल रहेको कम्पनीले दावी गरेको छ। स्कुटरमा मुख्य गरी एलएफपी ब्याट्रि, साइड ड्राइभ मोटर, क्यान क्नट्रोलर, २०० एमएम ग्राउण्ड क्लियरेनस, ब्रेक रिजेनेरेटिङ्ग फिचरहरु उपलब्ध छ। स्कुटरमा १६ इन्च अगाडि र १४ इन्च पछाडि टायर रहेको छ। टायर साईज ठूलो भएकोले यो निकै आरामदायी छ।  २०० एम एम ग्राउण्ड क्लियरेन्स भएको यस स्कुटर कुनै पनी खालको स्कुटर हरुमा नेपालमै पहिलो हो। स्पोर्टी डिजाइन बनेको एफफाइभ ए प्रो मोडलको स्कुटरमा साइड ड्राइभ ३ के मोटर, १२० किलोमिटर रेन्ज रहेको छ। नेपालमा उपलब्ध कुनै पनि बिद्युतिय स्कुटर उक्लन नसक्ने उकालोमा यो स्कुटर सहजै उक्लन सक्दछ । ब्याट्री चार्जका लागि छुट्टै व्यवस्था गर्न नपर्ने र घरमा टिभि, फ्रिज जोडे जस्तै तरिकाले जोड्न सकिने छ । ब्याट्रीमा २००० साइकल हुन्छ। दैनक फुल चार्ज गर्दा पनि यो भनेको ५ वर्ष भन्दा बढि समय टिक्छ।

स्कुटरमा भएको प्रविधि तथा ब्याट्रिको तुलनामा बजारमा आएका अन्य कम्पनीका स्कुटर भन्दा यसको मूल्य अत्यन्तै सुलभ रहेको कम्पनीको भनाई छ । एफडी मोटर्स ब्राण्डका विद्युतीय स्कुटरहरू किन्न चाहने ग्राहकहरूलाई सरल र सहज रूपमा क्रेडिट कार्डमार्फत शून्य प्रतिशत ब्याजदरमा तीन लाखसम्म डाउन पेमेन्ट बिनानै कर्जा उपल्बध गराउने छ।

# स्टेप बाई स्टेप मा. वि. मा पुरस्कार वितरण

**पोखरापत्र संवाददाता**
पोखरा, २८ माघ

स्टेप बाई स्टेप मा. वि. मासबार, पोखरामा खेलकुद तथा अतिरिक्त क्रियाकलापका पुरस्कार वितरण गरिएको छ।

बर्षभरि भएका अतिरिक्त क्रियाकलाप, अनुशासन तथा विद्यालयको खेलकुद महोत्सवमा सम्पन्न फुटबल, बास्केटबल, भलिबल, क्रिकेट, टि.टि., ब्याडमिन्टन, दौडहरु आदिमा विजयी विद्यार्थीहरुलाई पुरस्कार प्रदान गरिएको थियो।

कार्यक्रममा संस्थापक प्राचार्य निर्मला बराल, विद्यालय व्यावस्थापन समितिका अध्यक्ष संस्थापक निर्देशक रमाकान्त बराल, विद्यालय व्यवस्थापन समिति सदस्य लेखबहादुर के.सी., सहप्राचार्य दीपक गिरी, कक्षा ११ र १२ का संयोजक रघुनाथ वाग्ले लगायतले पुरस्कार वितरण गर्नुभएको थियो।

प्राचार्य निर्मला बरालले विद्यालयले पढाइका साथसाथै खेलकुद र अतिरिक्त क्रियाकलापमा जोड दिई विद्यार्थीको चौतर्फी विकासमा विशेष ध्यान दिने गरेको कुरा बताउनुभयो। उहाँले विजयी विद्यार्थीहरुलाई बधाई दिँदै उत्तरउत्तर प्रगतिको कामना गर्नुभयो । विद्यालय व्यवस्थापन समिति सदस्य लेखबहादुर के.सी.ज्यूले स्टेप बाई स्टेप मा. बि. यस क्षेत्रकै उत्कृष्ट र पुरानो विद्यालय रहेको र शिक्षा क्षेत्रमा यसको ठुलो योगदान रहेको कुरा बताउनुभयो।

कार्यक्रमका सभापति तथा संस्थापक निर्देशक रमाकान्त बरालले बिजयी विद्यार्थीहरु लाई बधाई दिँदै कार्यक्रमलाई सफल पार्न सहयोग गर्नुहुने सबैलाई धन्यबाद दिनुभयो।

सहप्राचार्य दीपक गिरीले स्वागत गर्नुभएको कार्यक्रमको सञ्चालन विद्यालय संयोजक सूर्य प्रसाद लम्सालले गर्नुभएको थियो।

# हामी सुशासन, समृद्धि र सामाजिक न्यायका लागि समर्पित हुनुपर्छः अध्यक्ष दाहाल

**पोखरापत्र संवाददाता**
पोखरा, २८ माघ

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले अब सुशासन, समृद्धि र सामाजिक न्यायका लागि समर्पित हुनुपर्ने बताउनुभएको छ।

महोत्तरीको बर्दिबास-३ गौरीडाँडास्थित 'आधारशीला' स्थापनाको २२ औं वार्षिकोत्सव समारोहलाई सम्बोधन गर्दै आज उहाँले यसका लागि आफ्नो दलले समुदायमा आधारित गतिविधिलाई अघि बढाउने निर्णय गरेको बताउनुभयो।

"भर्खरै पार्टीको केन्द्रीय समिति बैठक सम्पन्न गरेका छौं, अब हामी समुदाय आधारित काममा केन्द्रित हुनेछौं", अध्यक्ष दाहालले भन्नुभयो, "यसका लागि आगामी फागुन १२ गतेदेखि हुलाकी राजमार्गमा जनतासँग माओवादी अभियान सञ्चालन गर्दैछौं ।" उहाँले यस अभियानले यसअघि समुदायसँग अलगथलग बनेको सम्बन्धलाई सुधार्दै आगामी निर्वाचनमा आफ्नै बलबुतामा अगाडि बढ्ने गरी सहयोग पुऱ्याउने अपेक्षा व्यक्त गर्नुभयो। समुदायसँगको अन्तर्घुलनबिना राजनीति, आर्थिक अवस्था र सांस्कृतिक रूपान्तरणका लक्ष्य पूरा नहुने भन्दै अध्यक्ष दाहालले पार्टीका सारा कामलाई जनकेन्द्रित बनाउन आधारभूत तहका पार्टी समितिले योजनाबद्ध काम अघि बढाउन पर्ने धारणा राख्नुभयो । उँहाले 'आधारशीला' कम्युनको अवधारणालाई व्यवहारिक रूप दिन थालिएको एक प्रयत्न भएको बताउँदै अब देशभरिमै यस्ता प्रयत्न अघि बढाइने बताउनुभयो । "यो काम हाम्रा साथीले नेतृत्व गर्नुभएका मुलुकका १२३ स्थानीय तहबाट सुरु गर्ने गरी प्रक्रिया अगाडि बढाउने छौं । अब हाम्रो दलले सामूहिक जीवनको अभ्यास सिकाउने 'आधारशीला' जस्ता कम्युन मुलुकभरि नै अभियानका रूपमा अगाडि बढाइने छन् । समाजवादको आधारशीला बनाउन हाम्रा काम उदाहरणीय बन्नेछन्", अध्यक्ष दाहालको भनाइ थियो । वार्षिकोत्सवमा माओवादी केन्द्रका उपमहासचिव तथा मधेस इञ्चार्ज मातृकाप्रसाद यादवले अब आफ्नो दल गुटपरस्त गतिविधिलाई चिर्दै अघि बढ्ने प्रतिबद्धता जनाउनुभयो। कार्यक्रममा 'आधारशीला' का परिकल्पनाकार तथा संस्थापक माओवादी केन्द्रका उपमहासचिब गिरिराजमणि पोखरेलले आधारशीला स्थापनाको औचित्यबारे प्रकाश पार्नुभयो । विसं २०५९ साल माघ २५ गते तत्कालीन नेकपा एकता केन्द्रमा आबद्ध गिरिराजमणि पोखरेलसहितका नेताले सहिद परिवार र पार्टीका पूर्णकालीन कार्यकर्ताको आश्रयस्थलका रूपमा स्थापना गर्नुभएको 'आधारशीला' मा अहिले १६ परिवार सामूहिक रूपमा बस्दै आएका छन्। 'आधारशीला' ले बर्सेनि माघ २५ गते स्थापना दिवस मनाउँदै आए पनि यसपालि प्रचण्डको अनुकूलता पार्न तीन दिनपछि कार्यक्रम आयोजना गर्नुपरेको समारोहमा जानकारी दिइएको थियो।

माओवादी केन्द्रका नेताहरू उर्मिला अर्याल, विश्वनाथ साह र प्रह्लाद बुढाथोकीसहितको उपस्थिति रहेको समारोह अध्यक्ष दीपबहादुर योञ्जनको अध्यक्षतामा सम्पन्न भएको हो।

# म्याग्दीमा सुन्तला उत्पादन २५ प्रतिशतले बढ्यो

**पोखरापत्र संवाददाता**
म्याग्दी, २८ माघ

म्याग्दीमा यस वर्ष सुन्तला उत्पादन करिब २५ प्रतिशतले वृद्धि भएको छ। सुन्तला म्याग्दीमा बिक्री हुने प्रमुख कृषि उपज हो।

गत वर्षको तुलनामा यसपाली सुन्तला उत्पादन २४ दशमलव ७० प्रतिशतले वृद्धि भएको कृषि ज्ञान केन्द्रले जनाएको छ। केन्द्रका प्रमुख सञ्जिव बाँस्तोलाले नयाँ बगैंचा विस्तार, अनुकूल मौसम र रोग कीराको समस्या नियन्त्रण भएकाले सुन्तलाको उत्पादन बढेको बताउनुभयो।

"गतवर्ष तीन हजार ६०० मेट्रिकटन सुन्तला उत्पादन भएको म्याग्दीमा यो वर्ष चार हजार ७८१ मेट्रिकटन उत्पादन भएको छ", उहाँले भन्नुभयो "म्याग्दीका कृषकले यसवर्ष रु ३३ करोड ४६ लाख मूल्य बराबरको सुन्तला बिक्री गरेका छन्।" सरदर



प्रतिकिलो रु ७० का दरले सुन्तला बिक्री भएको छ। यसवर्ष प्रतिहेक्टर ११ दशमलव २५ मेट्रिकटनका दरले सुन्तला उत्पादन भएको केन्द्रका प्रमुख बाँस्तोलाले बताउनुभयो। गत वर्ष प्रतिहेक्टर आठ दशमलव छ मेट्रिकटनका दरले सुन्तला उत्पादन भएको थियो। जिल्लाभर ८१० हेक्टर क्षेत्रफलमा सुन्तलाखेती भएकामा ४२५ हेक्टरमा फल लाग्ने गरेको कृषि ज्ञान केन्द्रको तथ्याङ्क छ। गतवर्ष रु २४ करोड मूल्य बराबरको सुन्तला बिक्री भएको थियो। कृषि ज्ञान केन्द्रका प्राविधिकहरूले 'क्रप कटिङ' विधिबाट सुन्तलाको उत्पादनको अवस्थाको बारेमा उत्पादनको अवस्था पहिचान गरेका हुन्। उत्पादन दिने बोट थपिएको र मौसमले साथ दिएकाले सुन्तला उत्पादन बढेको मङ्गला गाउँपालिका-३ दहका कृष्णलाल सापकोटाले बताउनुभयो।

राखु, मरेक, सुर्केमेला, बरंजा, भेडाबारी, अर्मन, रुन्मा, बिम, ओखरबोट, ताकम, घतान, पिप्ले, भगवती, बेग, दोवा, दोसल्ले, घार, भुरुङ तातोपानी, दाना र नारच्याङमा २०० भन्दा बढी सुन्तला बगैंचा छन्।

जिल्ला सदरमुकाम बेनीका साथै राजधानी काठमाडौं, पोखरा, मुग्लिन लगायतका बजारमा सुन्तला बिक्री हुने गरेको छ। यातायात सुविधा भएकाले व्यापारी सुन्तला किन्न गाडी लिएर बगैंचामै आउने गरेका छन्।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, कृषि ज्ञान केन्द्र र स्थानीय तहको कृषि शाखाले सुन्तलाका बिरुवा वितरण, प्राविधिक तालिम, बगैंचा व्यवस्थापन, साना सिँचाइ र बजारीकरणमा सहयोग गर्दै आएका छन्। यसवर्ष ४०० रोपनीमा सुन्तला बगैंचा सुदृढीकरण कार्यक्रम सञ्चालन र थप ४० रोपनीमा खेती विस्तार गर्ने कार्यक्रम रहेको कृषि ज्ञान केन्द्रले जनाएको छ।

# पूर्वाधारका पर्खाइमा सुनछहरा

**राससं**
म्याग्दी, २८ माघ

म्याग्दीको रघुगङ्गा गाउँपालिका-७ मा रहेको सुनछहरा पूर्वाधार र पर्यटकको पर्खाइमा छ।

प्रशस्त सम्भावना भएर पनि पूर्वाधार र प्रचारप्रसारको अभावका कारण सुनछहरा ओझेलमा परेको छ। व्यवस्थित पदमार्गको साथै झोलुङ्गे पुलको अभावका कारण सुनछहरामा पर्यटकहरु पुग्न सकेका छैनन्। प्रचारप्रसारका अभावमा सुनछहराको विशेषता स्थानीयस्तरमै सीमित भएको चिमखोलाका बासिन्दा ललित गर्बुजाले बताउनुभयो। "धौलागिरि हिमालको आधार शिविर क्षेत्रमा पर्ने सुनछहराको धार्मिक र पर्यटकीय सम्भावना भए पनि ओझेलमा परेको छ," उहाँले भन्नुभयो "सुनछहरामा पूर्वाधार विकास र प्रवर्द्धनको आवश्यकता छ।" भारतीय सेनामा कार्यरत गर्बुजाको अगुवाइमा मण्डली युवा क्लबका पदाधिकारी, पर्यटन व्यवसायी र सञ्चारकर्मीको टोली गत हप्ता समुद्री सतहदेखि तीन हजार नौ सय पचास मिटर उचाइमा रहेको सुनछहरा पुगेर फर्किएको थियो। किम्बदन्ती अनुसार परापूर्वकालमा ध्यान बस्नका लागि झरनामा पुगेका एक जना बाजा बजाउने व्यक्तिलाई भगवान प्रशन्न भएर बर माग्न अनुरोध गरेका थिए। ती बाजा बजाउने व्यक्तिले सुनको बर मागेछन्। भगवानले छहराको गुफाबाट हातमा हटाउने जति सुन लैजान आर्शिवाद दिए पनि ती व्यक्तिले धेरै निकाल्न खोज्दा बाढी आएर बगाएको र



पछि त्यसको नाम सुनछहरा रहन गएको बुढापाकाले बताउँछन्।

छहराको भित्र रहेको गुफाको भित्ताहरु पहेँलो रङगको भएकाले पनि त्यसलाई सुनछहरा भन्ने गरिएको रघुगङ्गा गाउँपालिका-७ चिमखोलाका वडाध्यक्ष थकबहादुर पाईजा (रिम)ले बताउनुभयो।

विभिन्न देवीदेवता र जनावरको आकृति देखिने छहराको भित्र रहेको गुफामा हिर्काउँदा बाजाको आवाज सुनिन्छ। धौलागिरि आधार शिविर पुग्ने पदमार्ग बनाउन थालिएको र सुनछहरा जाने पदमार्ग तथा बाटोमा पर्ने रघुगङ्गा नदीमा झोलुङ्गे पुल बनाउन पहल गरेको वडाध्यक्ष पाईजाले बताउनुभयो। हिउँदयाममा चिसोले छहराको पानी जमेर हिउँमा परिणत भएको हेर्न पाउनु सुनछहराको थप विशेषता हो। छहरा करिब १५ मिटर अग्लो छ भने त्यहाँभित्र करिब पाँच मिटर लामो गुफा छ। सुनछहरामा पुगेर दर्शन तथा पूजाआजा गरेमा मनोकांक्षा पूरा हुने जनविश्वास छ। बेनीदेखि चिमखोला हुदै सुगुरथलासम्म चार घण्टा सवारी साधनको यात्रापछि पुगिन्छ। सुगरथलादेखि थप एक दिन यात्रा गरेपछि पुगिने सुनछहरामा यार्सा सङ्कलन गर्ने स्थानीयहरु वैशाख जेठ महिनामा बास बस्ने गर्दछन्। सुगुरथलासम्म मात्र होटल तथा रेष्टुरेन्टको सुविधा छ। सुगरथला भन्दामाथि आफै बन्दोबस्तीको सामान लिएर जानुपर्छ। पोखराका पर्यटन व्यवसायी तारा गर्बुजाले सुनछहरा पुग्ने व्यवस्थित पदमार्ग र झोलुङ्गे पुल बनाउन सकेमा पर्यटकलाई सहज हुने बताउनुभयो। झोलुङ्गे पुल नहुँदा राहुघाट वारपार गर्न जङ्घार तर्नुपर्छ। बर्खायाममा खोलाबाट वारपार गर्न सकिँदैन्।

पदमार्ग नहुँदा भिरमा जोखिम मोलेर यात्रा गर्नुपर्छ। नक्शा बनाउन र सङ्केत चिन्हहरु पनि राख्नुपर्ने अध्ययन टोलीमा जानुभएका सुरेन गुरुङले बताउनुभयो। सुनछहरा हुँदै रिखार, धौलागिरि आधार शिविरको अस्ट्रेलियन क्याम्प, कालीबराह र मुस्ताङ पनि जान सकिन्छ। बाटो चिनेका गोठाला बाहेक अरुसँग यात्रा गर्दा हराउने जोखिम छ।

# माघ सकिनै लाग्दा न हिउँ न वर्षा

**–राम थापा**
गण्डकी, २८ माघ

यसपालिको हिउँदयाममा हिमाली जिल्लामा हिउँ पर्न सकेन। जाडोको खास महसुस गर्न नपाइ माघ गुज्रनै आँटेको छ। पहिलपहिले हिउँले सेताम्मे हुने हिमाली र उच्च पहाडी क्षेत्रमा सुक्खापन छाएको छ।

गाउँबस्ती र डाँडाकाँडा फुस्रा भएका छन्। कृषि ज्ञान केन्द्र मुस्ताङका कृषि अधिकृत दिलीप नेपालीले हिउँ र वर्षा नहुँदा किसानलाई पिरलो थपिएको बताउनुभयो। "हिउँ नपर्दा स्याउ खेतीमा असर पुग्छ, रोककिराको प्रकोप बढ्न सक्छ", उहाँले भन्नुभयो, "मुस्ताङमा लगाइने उवा, जौँ, गहुँ, लसुन, आलुलगायत बालीको उब्जाउ क्षमता पनि घट्छ।"

मौसमअनुसार हिउँ र पानी नपर्दा बालीनालीको उब्जनी र गुणस्तर खस्कने उहाँको भनाइ छ। पछिल्लो समय जलवायु परिवर्तनको तीव्र असर हिमाली भेगमा परेको विभिन्न अध्ययनले देखाएको छ। मौसमी घटना र प्रवृत्तिमा यस्तै क्रम दोहोरीरहे हिमाली क्षेत्रमा नयाँ खेतीबालीको प्रवेश हुने र रैथाने उत्पादन लोप हुने खतरा रहेको बताइन्छ। पछिल्लो समय मुस्ताङको उपल्लो भेगमा समेत काँक्रा, गोलभेँडा जस्ता तरकारीजन्य बाली उब्जाउ हुन थालेको किसान बताउँछन्।

समयमा हिउँ र वर्षा नहुँदा खेतीबाली नसप्रने किसानको दुःखेसो छ। मुस्ताङमा हावा मात्र चल्ने हिउँ नपर्ने अवस्था देखिएको छ। गत वर्षको हिउँद पनि हिउँ र वर्षा नभई बितेको थियो। हिउँ नपर्दा सिँचाइ नभएका ठाउँमा अन्नपात माटोमै सुक्ने गरेको कृषि अधिकृत नेपालीले बताउनुभयो। घरपझोङ गाउँपालिका-२ मार्फाका स्याउ किसान दीपक लालचनले हिमपात नहुँदा फलफूल र अन्नबालीलाई चाहिने चिसोपना कम हुने बताउनुभयो। स्याउको फूल खेल्न र फल लाग्न चिसोपनाको खाँचो पर्छ।

"चिस्यान पुगेन भने स्याउ उत्पादनमा ह्रास आउन सक्छ", उहाँले भन्नुभयो, "मार्फामा भने सिँचाइ सुविधा भएकाले आत्तिहाल्नुपर्ने छैन।" जौँ खेती बढी हुने थासाङ गाउँका किसानलाई भने सुक्खा मौसमले चिन्ता थपिदिएको उहाँको भनाइ छ। थासाङमा सिँचाइको उचित प्रबन्ध छैन। हिमपात र वर्षात् नहुँदा खेती प्रणालीसँगै हिमाली जनजीवन पनि प्रभावित भएको छ। लालचनले कडा जाडो हुनुपर्ने याममा न्यानो महसुस हुन थालेको बताउनुभयो। हिउँमा खुल्ने मुस्ताङ, मनाङ, म्याग्दीलगायत पर्यटकीयस्थल पनि उजाड देखिएका छन्। म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ घोरेपानीका पर्यटन व्यवसायी जुलीले पुनले अहिलेसम्म हिउँ नपरेको बताउनुभयो। गण्डकी प्रदेशका कुनै हिमाली जिल्ला र उच्च पहाडी भेगमा अहिलेसम्म हिमपात भएको छैन। छिटपुट वर्षासमेत हुन सकेको छैन। हिउँ र वर्षा नहुँदा मुस्ताङ, मनाङ, म्याग्दी र बागलुङको उच्च क्षेत्रमा लगाइएको हिउँदे बालीमा बढी असर पुगेको छ। बेलामा पानी नपर्दा, हिमपात नहुँदा असिञ्चित ठाउँको खेतीमा त क्षति नै पुग्ने गरेको छ। बाह्रैमास नहर र कूलो सिँचाइको सुविधा भएका ठाउँमा भने समस्या नहुने कृषि अधिकृत नेपालीले बताउनुभयो। हिउँदे वर्षा होला र खेती सप्रला भन्ने आशमा रहेका किसानलाई भने खडेरीबाट ठूलो मार पर्ने उहाँको भनाइ छ। खडेरीले पहाडी क्षेत्रमा गहुँ, तोरीसहित तरकारी र फलफूलजन्य बालीमा बढी असर पर्ने गरेको छ। हिउँ नपर्दा पर्यटक लोभ्याउने हिमाल पनि कालापत्थरजस्ता देखिन थालेका छन्।

विश्वव्यापी रूपमा गहिरिँदो जलवायु सङ्कटको सबैभन्दा ठूलो मार नेपालका हिमालमा परेको सो क्षेत्रका विज्ञ र अध्येताहरू बताउँछन्। पर्यावरणीय अध्येता कुलचन्द्र अर्यालका अनुसार जलवायु सङ्कटको नकारात्मक असर पर्ने विश्वकै सबैभन्दा बढी संवेदनशील क्षेत्रमा नेपालको हिमालय क्षेत्र पर्छ। "विश्वको औषत तामपान वृद्धिको दरभन्दा हिमालय क्षेत्रको तापमान वृद्धि बढी उच्च रहेको छ", उहाँ भन्नुहुन्छ, "विश्वको औषत तापमान १ दशमलब ५ प्रतिशतले बढ्दा हिमालय क्षेत्रमा १ दशमलब ८ देखि दुई डिग्री सेल्सियससम्म बढ्ने गरेको अध्ययनले देखाएको छ।" जलवायु परिवर्तन र उष्णीकरणले नेपालको हिमालय क्षेत्रमा नकारात्मक असर पुऱ्याइरहेको पर्यावरणीय अध्यता अर्यालको भनाइ छ। विश्वव्यापी तापमान वृद्धिका कारण हिमालय क्षेत्रमा हिमगलन बढ्नुका साथै नयाँ हिमताल थपिने, विस्तार हुने र विष्फोटन हुने दर बढीरहेको उहाँले बताउनुभयो। अहिलेकै गतिमा हिउँ पग्लिँदै गएमा आउँदा केही दशकमा नेपालका हिमाल कालापत्थरमा परिणत हुने बताइन्छ। विश्वव्यापी तापक्रम वृद्धिलाई १ दशमलव ५ डिग्री सेल्सियसमा सीमित पार्दा पनि यही शताब्दीको अन्त्यसम्ममा हिन्दूकुश-हिमालय क्षेत्रको ३६ प्रतिशत हिउँ भण्डार रित्तिने अन्तरराष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द (इसिमोड)को अध्ययनले देखाएको छ।

# गरिबलाई पढाउन प्राविधिक शिक्षालयको अक्षयकोषमा एक करोड ५१ लाख

**पोखरापत्र संवाददाता**
म्याग्दी, २८ माघ

गरिब तथा जेहेन्दार विद्यार्थीको सहयोगका निम्ति पश्चिम म्याग्दीको बिममा सञ्चालित किसानी कृषि प्राविधिक शिक्षालयले स्थापना गरेको किसानी सञ्जीवनी अक्षयकोषमा रु एक करोड ५१ लाख सङ्कलन भएको छ।

विद्यार्थीलाई व्यावसायिक कृषितर्फ उन्मुख गराउन बाली विज्ञान र पशु चिकित्सा (भेटेरिनरी) अध्यापन हुने यो शिक्षालयमा अर्थाभावका कारण अध्ययन गर्न अक्षम गरिब तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्ने उद्देश्यले स्थापित उक्त कोषमा त्यति रकम जम्मा भएको शिक्षालयका प्रधानाध्यापक जङ्गबहादुर गर्बुजाले बताउनुभयो।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी)बाट सम्बन्धन प्राप्त शिक्षालयले २९ महिने कनिष्ठ प्राविधिक सहायक (जेटिए), बाली र पशुविज्ञानमा तीनवर्षे डिप्लोमा कार्यक्रम सञ्चालन गरेको छ। हाल यहाँ २१ जिल्लाका विद्यार्थी अध्ययनरत छन्।

# आपत्कालीन कोषमा योगदान गरेकामा डब्लुएचओबाट नेपाललाई धन्यवाद

**पोखरापत्र संवाददाता**
पोखरा, २८ माघ

विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ)को दक्षिण-पूर्वी एसिया क्षेत्रीय कार्यालयले नेपालले दक्षिणपूर्व एसिया क्षेत्रीय स्वास्थ्य आपत्कालीन कोषमा योगदान गरेकामा धन्यवाद ज्ञापन गरेको छ।

कार्यालयले आज जारी गरेको विज्ञप्तिमा कोषमा नेपालले रु १५ लाख (करिब ११ हजार अमेरिकी डलर) योगदान गरेकामा नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई धन्यवाद ज्ञापन गरेको हो। डब्लुएचओका सदस्य राष्ट्रहरूलाई स्वास्थ्य आपत्कालीन अवस्थाका लागि तयारी र प्रभावकारी प्रतिकार्यका लागि सहयोग गर्ने उद्देश्यका साथ कोष स्थापना भएको हो।

थाइल्याण्ड, भारत र टिमोर-लेस्टेपछि कोषमा योगदान गर्ने नेपाल चौथो राष्ट्र हो। "आपत्कालीन कोषमा नेपालको योगदान कोषप्रतिको सहयोग, स्वामित्व र प्रतिबद्धताको प्रमाण हो। यस कोषलाई विश्व स्वास्थ्य सङ्गठनले आफ्नो क्षेत्रका सदस्य राष्ट्रका लागि पारदर्शी रूपमा व्यवस्थापन गर्दछ", विज्ञप्तिमा भनिएको छ।

सन् २००७ मा हिन्द महासागरमा आएको सुनामीबाट प्रभावित दक्षिण-पूर्वी एसिया क्षेत्रका विभिन्न देशको सिकाइका आधारमा कोष स्थापना गरिएको हो। विज्ञप्तिमा कोषले १० राष्ट्रमा घटेका ४९ वटा आपत्कालीन अवस्थामा सहयोग गरेको उल्लेख गरिएको छ। नेपालले पनि सन् २००८ मा कोशीमा आएको बाढी, सन् २०१५ को विनाशकारी भूकम्प र सन् २०२३ मा जाजरकोटमा गएको भूकम्पको प्रतिकार्यमा कोषबाट सहयोग प्राप्त गरेको थियो। डब्लुएचओका क्षेत्रीय निर्देशक साइमा बाजेदले सदस्य राष्ट्रलाई कुनै पनि ठूलो जनस्वास्थ्य आपत्कालीन अवस्थाको प्रभावकारी प्रतिकार्य गर्नसक्षम बनाउनका लागि निरन्तर सहयोग गर्नेमा कोष व्यवस्थापन पक्ष प्रतिबद्ध रहेको जनाउनुभएको विज्ञप्तिमा उल्लेख गरिएको छ।


## Waling Municipality
## Waling, Syangja
## Gandaki Province, Nepal

## Request for Quotation

**Date of publication: 11 Feb 2025 (29th Magh 2081)**

1. Waling Municipality, Syangja invites sealed quotation from the qualified firms. The brief description of the procurement is as follows

| S. N. | Description | ID | RFQ Document fee | RFQ purchase and submission deadline (Date and Time) | RFQ-Opening Date and Time |
|---|---|---|---|---|---|
| 1 | Hiring a Firm for Skills Development Training | WM/HFFSDT/SQ /02/2081-2082 | 1000 | 27 February 2025 at 12.00 PM/ Falgun 15. 2081 | 27 February 2025 2.00 PM/ Falgun 15. 2081 |

2. Eligible bidders may obtain further info and inspect the bidding document at the office of waling unicipality or may Visit official website www.walingmun.gov.np

3. **Information to deposit the cost of bidding document in Bank:**
Name of the Bank: Nepal Bank Limited
Name of Office : Waling Municipality Office
Office Account no.: (sutrarevenue. fcgo.gov.np)